# राष्ट्रिय स्वास्थ्य तालिम रणनीतिक योजना

## (२०८२-२०८७)

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र**

टेकु, काठमाण्डौ ।

२०८२

## विषयसूची


परिच्छेद १. परिचय........................................................................२

१.१ पृष्ठभूमि........................................................................२

१.२ प्रगति समिक्षा........................................................................२

१.३ चूनौती र अवसर........................................................................३

१.४ रणनीतिक योजनाको विकास गर्न अपनाइएको प्रकृया....................४

१.५ रणनीतिक योजनाको औचित्य........................................................४

परिच्छेद २. दिर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्य ......................................६

परिच्छेद ३. रणनीति, कार्यनीति तथा अनुगमन मुल्याङ्कन खाका..........................७

परिच्छेद ४. रणनीतिक भूमिका.................................................................२०

परिच्छेद ५. वित्तीय स्रोत व्यवस्थापन...........................................................२६

परिच्छेद ६. अनुगमन तथा मूल्यांकन, समिक्षा, खारेजी र बचाउ......................२७

# परिच्छेद १. परिचय

## १.१ पृष्ठभूमि

राष्ट्रिय स्वास्थ्य नीति २०४८ अनुसार वि.सं.२०५० सालमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको स्थापना भई स्वास्थ्य सम्बन्धि तालिमको संयोजन तथा प्राविधिक एवं व्यवस्थापकीय नेतृत्व प्रदान गर्दै स्वास्थ्यकर्मीहरुका लागि विभिन्न तालिमहरु संचालन भइरहेका छन्। वि.सं.२०६० सालमा राष्ट्रिय स्वास्थ्य तालिम रणनीति लागु भए पश्चात नेपालमा स्वास्थ्य तालिम प्रणालीको विकास, विस्तार र सुदृढिकरण हुंदै आएको छ। नेपालको संविधान अनुरूप संघीय शासन पद्धति लागु भए संगै स्वास्थ्य सम्बन्धि विभिन्न नीतिगत तथा कानुनी प्रावधानहरू जस्तैः राष्ट्रिय स्वास्थ्य नीति २०७६, विभिन्न आवधिक योजनाहरू, जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा नियमावली, २०७७; राष्ट्रिय स्वास्थ्य वित्त रणनीति २०८०, नेपाल स्वास्थ्य क्षेत्र-रणनीतिक योजना २०७९, स्वास्थ्य जनशक्तिः राष्ट्रिय रणनिति र मार्गचित्र २०७६ लगायतका दस्तावेजहरु जारी भई लागु भएका छन् । संविधानको कार्यान्वयन संगै संघमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र तत्कालिन क्षेत्रीय स्वास्थ्य तालिम केन्द्रहरूको पुनर्संरचना गरी सातै प्रदेशमा स्वास्थ्य तालिम केन्द्रहरु स्थापना भई तालिमको वृहत्तर व्यवस्थापनका लागि आवश्यकता पहिचान, पाठ्यक्रम तथा सामाग्री विकास, गुणस्तर निर्धारण, तालिम संचालन, अनुगमन तथा मूल्यांकन, तालिम साइट प्रत्यायन्, प्रमाणीकरण लगायतका कृयाकलापहरू गरिंदै आएको छ। नेपाल सरकारले अङ्गीकार गरेका स्वास्थ्य सम्बन्धी योजना, नीति, रणनीति कार्यान्वयन गरी राष्ट्रिय तथा दिगो विकास लक्ष्य सन् २०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरागर्न आवश्यक दक्ष, उत्तरदायी र उत्प्रेरीत स्वास्थ्य जनशक्ति विकासका लागि यो राष्ट्रिय स्वास्थ्य तालिम रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## १.२ प्रगति समिक्षा

तालिम केन्द्रले विभिन्न विधा र तहका जनशक्तिहरुको प्राविधिक र व्यवस्थापकीय क्षमता बढाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यमा सहयोग पुऱ्याउदै आएको छ । संघ, प्रदेश, स्थानीय तह र बिभिन्न साझेदार निकायसंगको समन्वय र सहकार्यमा ६७ वटा क्लिनिकल तालिम साइट र अन्य स्थानबाट स्वास्थ्यकर्मीको पूर्वसेवा, सेवा प्रवेश, सेवाकालीन, आधारभूत, पुनर्ताजगी र आवश्यकता अनुसारका अन्य विविध तालिमहरु संचालन हुँदै आएका छन । केन्द्रले स्वास्थ्य तालिम संचालन गर्ने

साईटहरुलाई स्वीकृती प्रदान गर्नुका साथै ति साईटहरुको नियमित अनुगमन, नियमन तथा क्षमता अभिबृद्धि गर्दै आएको छ। गुणस्तरिय स्वास्थ्य सेवाका प्रवाहका लागि, राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीबाट स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धि गर्न प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक विधाहरूमा तालिम सन्चालन भइरहेकोछ । तालिम सूचना व्यवस्थापन प्रणालीको अभिलेख अनुसार वि.स. २०८२ असार मसान्त सम्म कूल १०१६४९ जना बिभिन्न तहका स्वास्थ्यकर्मीहरू लगायतलाई विभिन्न बिषयमा तालिम मार्फत क्षमता अभिवृद्धि गरीएको छ। संघ, प्रदेश र स्थानीय तहमा रहेका सेवा प्रदायकहरुको माग र आवश्यकताको अध्ययन एवं औचित्यका आधारमा तालिम कार्यक्रमहरुको छनौट गरी बार्षिक कार्ययोजना अनुसार तालिमहरू संचालन हुँदै आएका छन।

## १.३ चुनौती र अवसर

### चुनौती

- तालिमका लागि सम्बन्धित कार्यक्षेत्रबाट उपयुक्त सहभागीको छनौट चुनौतीपूर्ण रहेको
- तालिम प्राप्त जनशक्तिलाई सोही अनुसारको जिम्मेवारी तोक्ने र परिचालन गर्ने कार्य हुबहु नुहुनु
- आवश्यकता र माग अनुसारका तालिमको संचालनमा आवश्यक स्रोत र साधनको अभाव हुनु
- स्वास्थ्य क्षेत्रका सबै विधामा तालिमको कमी
- स्वास्थ्य क्षेत्रमा संचालित सबै तालिम राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीमा आबद्द नहुनु
- विधिवत तालिम आवश्यकता पहिचानमा कमी
- प्रविधिमा आधारित नविनतम तालिम विधि अबलम्बन गर्न तालिम केन्द्र तथा तालिम साइटको पुर्बाधार तथा क्षमतामा कमी
- तालिम सम्बन्धि अध्ययन-अनुसन्धान, तालिम पश्चातको फलोअप र पृष्ठपोषण प्रयाप्त नहुनु

### अवसर

- विद्यमान स्वास्थ्य नीति, ऐन, नियम, आवधिक योजना तथा रणनीतिक दस्ताबेजहरुमा दक्ष जनशक्ति उत्पादन गर्ने बिषयले प्राथमिकता पाउनु
- संघ र प्रदेशमा तालिम व्यवस्थापनका लागि सस्थागत संरचना, जनशक्ति, सूचना प्रणाली र आधारभूत सामाग्रीहरुको उपलब्धता हुनु
- संघ, प्रदेश र स्थानीय तहहरुमा तालिमका लागि श्रोत परिचालनको सम्भावना रहेको
- प्रविधिमा आधारित नविनतम तालिम विधिहरुको उपलव्धता हुनु

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी निकायहरुबाट तालिम संचालनमा प्राविधिक एवं वित्तीय सहयोग प्राप्त हुनु

## १.४ रणनीतिक योजना विकास गर्न अपनाइएको प्रकृया

राष्ट्रिय स्वास्थ्य तालिम रणनीतिक योजना तर्जुमाको क्रममा हाल कार्यान्वयनमा रहेको राष्ट्रिय स्वास्थ्य तालिम रणनिति २०६०, विद्यमान नीति तथा कानूनहरु, प्रादेशिक स्वास्थ्य तालिम केन्द्रहरुको वर्तमान अवस्था र क्षमताको लेखाजोखा, अध्ययन/अनुसन्धानबाट प्राप्त नतिजा, अन्तर्राष्ट्रिय अभ्यास आदिबाट प्राप्त तथ्यहरुलाई बिस्तृतरुपमा अध्ययन गरिएको थियो । प्राप्त तथ्यलाई वर्तमान अवस्थामा स्वास्थ्य तालिम केन्द्रहरुले अपनाएको तालिम संचालन चक्र, तालिम संचालन प्रकृया आदिसंग तुलनात्मक अध्ययन गरिएको थियो ।

उक्त तथ्य तथा अवस्था विश्लेषणको आधारमा राष्ट्रिय स्वास्थ्य तालिम रणनीति विकास सम्बन्धि प्राबिधिक कार्यसमितिले रणनीतिको प्रारम्भिक मस्यौदा तयार गरी स्वास्थ्य तालिमसंग सम्बन्धित संघ र प्रदेशका सरोकारवाला, तालिमका अनुभवि ब्यक्तिहरु, नीति निर्माताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम विज्ञहरु लगायत साझेदार निकायहरुको सहभागितामा विभिन्न चरणमा परामर्श कार्यशाला संचालन गरी प्राप्त सुझावलाई रणनितिक योजनामा समावेश गरी अन्तिम रुप दिइएको छ ।

## १.५ रणनीतिक योजनाको औचित्य

देशमा संघीय शासन प्रणाली लागु भए पश्चात जारी भएका स्वास्थ्य सम्बन्धी नयाँ कानून, नीति र रणनीतिहरु कार्यान्वयनमा रहेको अवस्थामा सरकारका प्राथमिकता र प्रतिवद्धता अनुसार समयानुकुल नयां स्वास्थ्य तालिम रणनितिक योजना तर्जुमा गर्न आवश्यक छ ।

संघीयताको परिवेश, रोग भार, रोगको प्रकृती र स्वास्थ्य सेवाको प्राथमिकतामा आएको परिवर्तन, प्रविधिमा आधारित तालिमका नविनतम विधिको उदय संगै समयानुकुल स्वास्थ्यकर्मीहरुको क्षमता विकास गर्न जरूरी भएकाले नयां रणनीतिक योजनाको आवश्यकता महसुस भएको हो ।

सिकाइका परम्परागत प्रक्रियाका साथै मिश्रित सिकाइको दृष्टिकोण, अभ्यासमा आधारित सिकाई, निरन्तर अध्ययन/तालिम र नियमित पेशागत उन्नयन र क्षमता विकासमा आधारित तालिमलाई नयाँ रणनितिक योजना मार्फत सम्बोधन गर्न जरूरी छ । संघ, प्रदेश र स्थानीय तहमा तालिमलाई

प्राथमिकिकरण गरी स्रोत परिचालन गर्न सम्बद्ध सबै सरोकारवालाहरूको साझा दस्ताबेजको रूपमा यो रणनीतिक योजनाले महत्वपूर्ण दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ । राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विशिष्टिकृत विषयका तालिम, पूर्व सेवा तालिम, मुख्य प्रशिक्षक प्रशिक्षण र प्रशिक्षक विकास गर्ने किसिमका तालिम, संघीय तहका कर्मचारीहरूको क्षमता विकासका लागि आधारभूत तालिम, अन्तर्राष्ट्रिय स्तरका तालिम सन्चालन गर्ने तथा प्रदेश स्थित स्वास्थ्य तालिम केन्द्रहरूले सम्बन्धित प्रदेश र स्थानीय तहको आवश्यकता अनुरूपका प्रशिक्षक प्रशिक्षण तालिम, सेवा प्रदायकको क्षमता विकासका तालिम संचालन गर्ने गरी तालिम केन्द्रहरूको भूमिका स्पष्ट पारि तालिमहरूमा दोहोरोपना हटाउन यो रणनीतिक योजना आवश्यक रहेकोछ ।

वर्तमान समयमा विभिन्न निकायहरूबाट स्वास्थ्य तालिमहरू संचालन भैरहेको स्थितीमा सबै संचालित तालिमको सूचना व्यवस्थित गर्न नसकिएको र सन्चालन हुने तालिमको सामाग्री/पाठ्यक्रममा एकरूपता नभएको अवस्था विद्यमान छ । यसले तालिममा दोहोरोपना हुने, व्ययभार बढ्ने, र गुणस्तर सुनिश्चितता नहुने चुनौति रहेको छ ।तसर्थ, स्वास्थ्य क्षेत्रमा सन्चालन हुने सबै विधाका तालिमहरुलाई राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीबाट स्तरिकरण गरिएको पाठ्यक्रमको प्रयोग र तालिम सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गराई एकद्वार प्रणालीबाट संचालन गर्न मार्गदर्शक दस्तावेजको आवश्यकता महसुस भई यो रणनीतिक योजना तयार गरिएको छ ।

# परिच्छेद २. दिर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्य

## २.१ दिर्घकालिन सोच

"गुणस्तरीय स्वास्थ्य सेवाको लागि दक्ष र उत्तरदायी स्वास्थ्यकर्मी"

## २.२ ध्येय

प्रभावकारी स्वास्थ्य तालिम प्रणाली मार्फत दक्ष, उत्तरदायी र उत्प्रेरित स्वास्थ्यकर्मीको उपलब्धता ।

## २.३ लक्ष्य

स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षतामा अभिबृद्धि गरी उत्तरदायी र उत्प्रेरित स्वास्थ्यकर्मी मार्फत गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्ने

## २.४ उद्देश्य

१. तालिमको आवश्यकता पहिचानको आधारमा पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास एवम् परिमार्जन गर्ने

२. तालिम केन्द्र र तालिम साइटहरूको सुदृढीकरण र क्षमता विकास गर्ने

३. तालिमको गुणस्तर सुनिश्चितता, अनुगमन, अध्ययन र अनुसन्धान गर्ने

४. तालिम सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने

# परिच्छेद ३.

## रणनीति, कार्यनीति तथा अनुगमन मल्याङ्कन खाका

**उद्देश्य १. तालिमको आवश्यकता पहिचानको आधारमा पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास एवम् परिमार्जन गर्नु,**

| रणनिति | कार्यनीति | समय सिमा | मूल्यांकनको आधार | कार्यान्वयन गर्ने निकाय / सहयोगी |
|---|---|---|---|---|
| १.१ तालिम आवश्यकता पहिचान प्रक्रियालाई संस्थागत गर्ने | (क) तालिम आवश्यकताको पहिचान र विषयवस्तुहरुको प्राथमिकता निर्धारण गर्न मापदण्ड तयार गरिनेछ | २०८३ | स्वीकृत मापदण्डको दस्तावेज | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) मापदण्डको आधारमा स्वास्थ्य उपचारका सबै प्रणाली र आयामहरुलाई समेटी सम्बन्धित प्रदेश तथा स्थानीय तहहरू संगको समन्वय र सहकार्यमा तालिम आवश्यकताको पहिचान गरिनेछ | २०८५ | तालिम आवश्यकताको पहिचान कार्य प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/ स्थानीय तह |
| | (ग) तालिमका प्याकेजहरूको दोहोरोपना न्यूनिकरण गर्न र लागत प्रभावकारी बनाउन सम्बन्धित विषयहरू एकिकृत गरिनेछ | निरन्तर | बिकास गरिएका पाठ्य सामाग्रीहरूको विवरण | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| १.२ पाठ्यक्रम तथा पाठ्यसामाग्रीको विकास एवम् परिमार्जन गर्ने | (क) सरकारको प्राथमिकता र तालिम आवश्यकताको पहिचान भएका विषयमा नयाँ तालिमका प्याकेजको विकास राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट गरिनेछ र | निरन्तर | बिकास गरिएका पाठ्य सामाग्रीहरूको विवरण | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| | कम्तिमा ५/५ बर्षमा प्रयोगमा रहेका तालिम प्याकेजलाई अद्यावधिक गर्दै लगिनेछ | | | |
| | (ख) आवश्यकताको आधारमा प्रदेश स्वास्थ्य तालिम केन्द्रले नयाँ तालिमका प्याकेज विकास गरेमा सोको स्तरिकरण तालिम सामाग्री विकास मापदण्ड अनुरूप राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले गर्नेछ | निरन्तर | बिकास गरिएका पाठ्य सामाग्रीहरूको विवरण | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ग) अन्य निकायबाट विकास गरिने स्वास्थ्य तालिमको पाठ्यक्रमहरूको स्तरीकरण तथा प्रमाणीकरण राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र मार्फत गरिनेछ | निरन्तर | बिकास गरिएका पाठ्य सामाग्रीहरूको विवरण | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| | (घ) तालिम सामाग्रीको प्रभावकारी आपूर्ति व्यवस्थापन गरिनेछ | निरन्तर | प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | ङ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा विषय संग सम्बन्धित तालिम सामाग्रीहरू राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रबाट र किटजन्य रोग संग सम्बन्धित तालिम सामाग्रीहरू किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रबाट विकास गरिनेछ । सोका लागि आवश्यक सहजिकरण राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र मार्फत गरिनेछ । | निरन्तर | बिकास गरिएका पाठ्य सामाग्रीहरूको विवरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विभागहरू, तालिम केन्द्रहरू |
| | च) औषधी नियमन तथा व्यवस्थापन विषय संग सम्बन्धित तालिम सामाग्रीहरू औषधी व्यवस्था विभागबाट विकास गरिनेछ । सोका लागि आवश्यक | निरन्तर | बिकास गरिएका पाठ्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, |

| | | | | |
|---|---|---|---|---|
| | सहजिकरण राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र मार्फत गरिनेछ । | | सामाग्रीहरूको विवरण | औषधी व्यवस्था विभाग, तालिम केन्द्र |
| १.३ प्रविधि मैत्री तालिम प्रणाली विकास गर्ने | (क) तालिमका कारण कार्यस्थलमा सेवा प्रदायकको अनुपस्थितीलाई न्यून गर्न र तालिमलाई थप प्रभावकारी बनाउन तालिमका मिश्रित, भर्चुअल, मोडुलर, अभ्यासमा आधारित सिकाइ, दूर शिक्षा तथा इ-लर्निङ प्रणालीमा आधारित नवीनतम विधिहरूलाई तालिमको प्याकेजमा समावेस गरी तालिम सन्चालन गरिनेछ | २०८३ | बिकास गरिएका पाठ्य सामाग्री तथा विद्युतीय प्रणाली | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र / साझेदार संस्था |
| | (ख) संघ र प्रदेशका स्वास्थ्य तालिम केन्द्रहरुमा विधुतीय तालिम सामग्री सहितको पुस्तकालय र भर्चुअल कक्षाकोठाको पूर्वाधार विकास गरिनेछ | २०८६ | भर्चुअल कक्षाकोठा निर्माण सम्पन्न प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्र / साझेदार संस्था |

## उद्देश्य २. तालिम केन्द्र र तालिम साइटहरूको सुदृढीकरण र क्षमता विकास गर्ने

| रणनिति | कार्यनीति | समय सिमा | मूल्यांकनको आधार | कार्यान्वयन गर्ने निकाय/ सहयोगी |
|---|---|---|---|---|
| २.१ तालिम केन्द्र र तालिम प्रदायक संस्थाको सुदृढिकरण र क्षमता विकास गर्ने | (क) तालिम केन्द्रहरु र तालिम साइटहरुको पूर्वाधार विकास तथा आवश्यकताको आधारमा तालिम साइटहरू विस्तार गरिनेछ | निरन्तर | स्वीकृत साइट संख्या | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) विभिन्न तालिम सन्चालनका लागि आवश्यक सिमुलेसन प्रयोगशाला, अभ्यास सामाग्री, छात्रावास आदिको व्यवस्थापन गरिनेछ | निरन्तर | प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/ साझेदार संस्थाहरू |
| | (ग) स्वास्थ्य तालिम केन्द्रहरूको निरन्तर सिकाइलाई प्रोत्साहन गर्दै अन्तर्राष्ट्रिय सहकार्य केन्द्रको रूपमा विकास गरिनेछ | २०८५ | प्रगति प्रतिवेदन | स्वास्थ्य मन्त्रालय/ साझेदार संस्थाहरू |
| | (घ) प्रत्येक प्रदेशमा कम्तिमा एउटा क्लिनीकल तालिम साइटलाई उत्कृष्ट/ नमुना/वृहत तालिम साइटको रूपमा विकास गरिनेछ | २०८४ | वार्षिक प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/ साझेदार संस्थाहरू |
| | ङ) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलाई गुणस्तर प्रमाणपत्र (ISO) प्राप्त तालिम केन्द्रको रूपमा विकास गरिनेछ | २०८६ | गुणस्तर प्रमाणपत्र प्रतिवेदन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रा.स्वा.तालिम केन्द्र |
| | च) स्वास्थ्य मन्त्रालय अन्तरगतका राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र र | २०८३ | वार्षिक प्रगति प्रतिवेदन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, |

| | | | | |
|---|---|---|---|---|
| | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको आवश्यक्ता अनुसार क्षमता अभिवृद्धि गरिनेछ । | | | विभागहरू, तालिम केन्द्रहरू |
| २.२ तालिम सन्चालनका लागि आवश्यक स्रोत पहिचान तथा परिचालन गर्ने | (क) स्वास्थ्य तालिमको आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा तालिमका लागि बजेट विनियोजन गर्न पैरवी र समन्वय गरिनेछ | निरन्तर | वार्षिक स्वीकृत कार्यक्रमहरू | स्वास्थ्य तालिम केन्द्रहरू / मन्त्रालय |
| | (ख) तालिम सन्चालनका लागि तालिम सन्चालन व्यवस्थापन निर्देशिका समयानुकुल अध्यावधिक गरिनेछ | २०८३ | तयार भएको निर्देशिका | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| | (ग) तालिमका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी निकायहरुबाट प्राप्त हुने प्राबिधिक, आर्थिक तथा बस्तुगत सहायता परिचालन गरिनेछ | निरन्तर | प्राप्त सहयोगको विवरण र कार्यप्रगति | साझेदार संस्थाहरू/ मन्त्रालय |
| | (घ) स्वास्थ्य तालिम सन्चालन खर्च मापदण्ड नियमानुसार परिमार्जन गरिनेछ | २०८३ | परिमार्जित निर्देशिका स्वीकृत | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ मन्त्रालय |
| | (ङ) विभिन्न शैक्षिक संस्थान, विश्वविधालय, प्रतिष्ठानहरू संग नियमित समन्वय गरि स्वास्थ्य विज्ञानको पाठ्यक्रममै विधमान तालिमहरू एकिकरण गरिनेछ साथै आवश्यकता अनुसार सेवा पूर्वका तालिमहरू विकास र विस्तार गरिनेछ । | निरन्तर | सेवा पूर्वका तालिमका लागि विकास भएका पाठ्यक्रम संख्या, | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ शैक्षिक प्रतिष्ठान/ चिकित्सा शिक्षा आयोग |

| | | | | |
|---|---|---|---|---|
| | (च) तालिम पाठ्यक्रम निर्माण गर्न, तालिम सन्चालन गर्न एवम् तालिम साइट प्रत्यायान् तथा नियमन गर्न विभिन्न शैक्षिक संस्था /प्रतिष्ठानका विषय विज्ञहरूको अधिकतम परिचालन गरिनेछ । | निरन्तर | वार्षिक प्रतिवेदन | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ शैक्षिक प्रतिष्ठान/विषय विज्ञहरू |
| २.३ तालिम संचालन कार्यलाई थप प्रभावकारी र सुदृढ गर्ने | (क) सन्चालन गर्ने हरेक तालिमका लागि प्रशिक्षकको संलग्नतामा पूर्वतयारी गरिनेछ | निरन्तर | वैठक माइन्यूट | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) संघ प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने तालिमको वर्गीकरण एवम् स्तरीकरण गरी सो को आधारमा वार्षिक स्वास्थ्य तालिम कार्यतालिका अनुसार तालिम कार्यक्रम सन्चालन गरिनेछ | निरन्तर | वार्षिक तालिम कार्यतालिका | स्वास्थ्य तालिम केन्द्रहरू/ साझेदार संस्थाहरू |
| | (ग) प्रयाप्त प्रशिक्षकहरू उत्पादन, विकास र पुनर्ताजगी तालिम मार्फत प्रशिक्षकको क्षमता अभिवृद्धि गरि प्रमाणीकरण एवम् उपयुक्त परिचालन गरिनेछ | निरन्तर | प्रशिक्षकको सूची | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (घ) तालिम सामाग्री विकास, तालिम साइट प्रत्ययान एवम् तालिम सन्चालनका लागि विषयगत बिज्ञहरुको सूचि अध्यावधिक गरिनेछ | निरन्तर | विज्ञहरूको सूची | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ङ) कर्मचारीको जिम्मेवारी, कार्यविवरण, शैक्षिक योग्यता र कार्यअनुभवको आधारमा तालिमको उपयुक्त सहभागि छनोट गरी सो | निरन्तर | स्वास्थ्य तालिम सूचना प्रणालीको प्रतिवेदन, पत्राचार | स्वास्थ्य तालिम केन्द्रहरू |

| | | | | |
|---|---|---|---|---|
| | पश्चात अधिकतम परिचालन गर्न निज कार्यरत निकायमा समन्वय गरिनेछ | | | |
| | (च) तालिम समाप्त पश्चात सहभागिहरूले आआफ्नो ब्याच/समूह बनाइ सिकाइ, सफल अभ्यास आदान प्रदान गर्नुका साथै आ-आफ्नो कार्यक्षेत्रका अन्य सम्बन्धित सहकर्मीहरूलाई CME/CNE/CPD मार्फत अध्यावधिक ज्ञान सिप अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ | निरन्तर | तयार भएको सन्जाल, संचालित CME/CNE/CPD को प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (छ) सरकारी–निजी साझेदारीको अवधारणा अनुरूप निजी तथा गैरसरकारी स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई शःशुल्क तालिम संचालन गर्नको लागि मापदण्ड बनाइ कार्यान्वयन गरिने छ | २०८३ | स्वीकृत भएको मापदण्ड | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ मन्त्रालय |
| २.४ स्वास्थ्य सम्बन्धि तालिमलाई स्वास्थ्यकर्मीको वृत्तिविकाससंग जोड्ने | (क) स्वास्थ्य क्षेत्रमा नेतृत्व र व्यवस्थापन सम्बन्धि सेवाकालिन तालिम सन्चालन गरिनेछ | निरन्तर | स्वास्थ्य तालिम सूचना प्रणालि प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) एक महिना भन्दा वढिको तालिमलाई कर्मचारीको वृद्धि विकास संग जोड्न कानुनी व्यवस्था गरिनेछ | २०८२ | पैरवी वैठक, पत्राचार | मन्त्रालय / राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| | (ग) केन्द्रबाट सन्चालन हुने तालिमहरू नियमित पेशागत उन्नयन (CPD) अंक निर्धारण गर्न सम्बन्धित व्यवसायी परिषद्हरू संग समन्वय गरिनेछ | निरन्तर | सम्बन्धित परिषद्को अंक निर्धारण सूची | मन्त्रालय / राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| | (घ) स्वास्थ्यकर्मीहरूको सिकाइ अभिवृद्धि, असल अभ्यास, सफलताका कथाहरू प्रस्तुत गर्ने अवसरहरू प्रदान गर्न विभिन्न कार्यशाला तथा सम्मेलन सन्चालन गरिनेछ | वार्षिक | सम्पन्न कार्यशाला, सम्मेलन प्रतिवेदन | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ मन्त्रालय/ साझेदार |

## उद्धेश्य ३. तालिमको गुणस्तर सुनिश्चितता, अनुगमन, अध्ययन र अनुसन्धान गर्नु

| रणनिति | कार्यनीति | समय सिमा | मूल्यांकनको आधार | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|
| ३.१ सूचकका आधारमा प्रत्येक तालिमको गुणस्तर मापन गरी गुणस्तरीय तालिमको सुनिश्चितता गर्ने | (क) तालिम चक्रका साथै तालिमको अनुगमन र समिक्षा मापन गर्नका लागि परिभाषा सहित मुख्य सूचकहरु तयार गरिनेछ | निरन्तर | तयार भएको सूचक | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| | (ख) तालिम साइटहरुको गुणस्तर सुधारका लागि नियमितरुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गरी आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराईनेछ | निरन्तर | तयार भएको सूचक | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ग) तालिम साइटहरूको वार्षिक रूपमा गुणस्तर सुधार स्वमुल्यांकन, कार्ययोजना र पृष्ठपोषण प्रविस्टि गर्न विद्युतीय प्रणाली विकास गरी लागु गरिनेछ | २०८४ | तयार भएको विधुतिय प्रणाली | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| ३.२ स्वास्थ्य तालिम साइटहरूको नियमित प्रत्यायन् र नियमन, प्रमाणीकरण गर्ने | (क) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट सम्बन्धित सरोकारवाला र प्रदेश संगको समन्वयमा तालिम साइटको स्वीकृती, नविकरण, प्रत्यायान र नियमन गरिनेछ | निरन्तर | स्वीकृत साइटको सूची | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) तालिम साइटको स्वीकृती, नविकरण, प्रत्यायन् र नियमन सम्बन्धि कार्यविधि/ न्यूनतम तालिम साइट मापदण्ड समयानुकुल अध्यावधिक गरी विद्युतीय प्रणालीमा आवद्ध गराइनेछ | २०८४ | अध्यावधिक मापदण्ड र विद्युतीय प्रणाली | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| | (ग) राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीबाट जारी हुने प्रमाणपत्रको ढांचालाई समायानुकुल परिमार्जन गरिनेछ | २०८३ | अध्यावधिक प्रमाणपत्रको ढांचा | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| ३.३ नियमित रुपमा तालिम प्रकृयाको अनुगमन, समिक्षा, कार्य स्थलगत अनुशिक्षण र कोचिंग संचालन गर्ने | (क) तालिम सन्चालन पूर्व, तालिम सन्चालनको बखत र तालिम पश्चात सबै प्रक्रिया र चक्रमा नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गरिनेछ | निरन्तर | अनुगमन मूल्याङ्कन प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) फलोअप तथा इन्ह्यान्समेन्ट निर्देशिका अनुसार तालिम पश्चात फेप टुलको प्रयोगलाई विस्तार गरिनेछ | निरन्तर | प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ग) तालिम पश्चात, तालिम प्रणालीबाट विकास गरिएका मेन्टर र कोचबाट सम्बन्धित कार्यक्रम महाशाखा, निर्देशनालय, स्वास्थ्य कार्यालय, स्थानीय तह मार्फत स्थलगत अनुशिक्षण र कोचिंङ कार्यक्रम संचालन गरिनेछ | निरन्तर | मेन्टरिङ्ग, कोचिङ्ग प्रतिवेदन | कार्यक्रम महाशाखा/ तालिम केन्द्रहरू |
| | (घ) तालिम साइट र केन्द्रहरू वीचको सिकाइका लागि आवश्यक कृयाकलापहरू सन्चालन गरिनेछ | वार्षिक | प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/साझेदार संस्थाहरू |
| | (ङ) तालिम केन्द्रहरु तथा साईटहरुको संलग्नतामा तालिम कार्यकमको वार्षिक समिक्षा तथा योजना तर्जुमा गरिनेछ | वार्षिक | प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |

| | | | | |
|---|---|---|---|---|
| ३.४ तालिम प्रदायक निकाय तथा तालिमको प्रभावकारिता सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने | (क) स्वास्थ्य तालिम सम्बन्धी अध्ययन, अनुसन्धान गरी सोको निश्कर्ष र सुझावको आधारमा कार्यदिशा र कार्यनीति तय गरिनेछ | निरन्तर | अनुसन्धान प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/साझेदार संस्थाहरू |
| | (ख) तालिम केन्द्र र तालिम साइटहरूको आवधिक रूपमा क्षमता लेखाजोखा अध्ययन गरी तथ्यको आधारमा कार्ययोजना तर्जुमा गरिनेछ | निरन्तर | अध्ययन प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/साझेदार संस्थाहरू |

## उद्धेश्य ४. तालिम सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने

| रणनिति | कार्यनीति | समय सिमा | मूल्यांकनको आधार | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|
| ४.१ अभिलेखिकरण र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने | (क) संघ र प्रदेशबाट सन्चालन हुने सबै स्वास्थ्य तालिमहरूलाई तालिम सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गराइनेछ | २०८४ | तालिम सूचना व्यवस्थापन प्रणाली प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (ख) सम्पूर्ण तालिम साइटहरुबाट त्रैमासिक रुपमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र सम्बन्धित प्रदेश स्वास्थ्य तालिम केन्द्रहरुमा प्रगति प्रतिवेदन पेश गर्ने प्रणालीको विकास गरिनेछ | त्रैमासिक | त्रैमासिक प्रगति प्रतिवेदन | स्वास्थ्य तालिम केन्द्रहरू/ तालिम साइटहरू |
| | (ग) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र प्रदेश स्वास्थ्य तालिम केन्द्रहरुले तालिम सम्बन्धि दैनिक प्रगति विवरण ड्यासबोर्ड मार्फत आफ्नो वेवसाइट मा सार्वजनिक गरिनेछ | निरन्तर | तयार भइ प्रयोगमा आएको realtime ड्यासबोर्ड | स्वास्थ्य तालिम केन्द्रहरू |
| | (घ) तालिम सूचना व्यवस्थापन प्रणालीको उपयोगबाट सहभागी छनोट, परिचालन र फलोअप कार्य व्यवस्थित गर्न एवम् तथ्यमा आधारित तालिम योजना तर्जुमा गर्न संघ, प्रदेश र स्थानीय तहका | निरन्तर | प्रगति प्रतिवेदन | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/TIMS प्रयोगकर्ताहरू |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धित निकायहरूलाई TIMS को पहुंच उपलब्ध गराइनेछ | | | |
| | ङ) स्वास्थ्य मन्त्रालय अन्तरगतका औषधी व्यवस्था विभाग, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र एवम् किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रबाट सन्चालन हुने तालिमको प्रमाणपत्र सम्बन्धित तालिम केन्द्रहरूबाट TIMS प्रणाली मार्फत जारि गरिनेछ | २०८४ | जारि भएको प्रमाणपत्र संख्या | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, विभागहरू, तालिम केन्द्र |
| ४.२ तालिम सूचना व्यवस्थापन प्रणालीलाई समयानुकूल अध्यावधिक गर्ने | (क) तालिमसंग सम्बधित सबै विवरणहरू समाविस्ट हुने गरी तालिम सूचना व्यवस्थापन प्रणाली अध्यावधिक गरिनेछ | वार्षिक | नियमित अध्यावधिक भएको TIMS प्रणाली | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र |
| | (ख) तालिम सूचना व्यवस्थापन प्रणालीलाई स्वास्थ्य क्षेत्रका अन्य नियमित स्वास्थ्य सूचनाका डिजिटल प्रणालीहरू संग आवद्धताको लागि आवस्यक समन्वय र सहकार्य गरिनेछ | २०८३ | प्रणाली आवद्ध भएको प्रगति प्रतिवेदन | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ मन्त्रालय |

# परिच्छेद ४ रणनीतिक भूमिका

गुणस्तरीय र प्रभावकारी रुपमा तालिम व्यवस्थापन तथा संचालन गर्न संघ र प्रदेशमा देहाय वमोजिमको समितिहरूको व्यवस्था गरिएको छ ।

## ४.१ संघीय स्वास्थ्य तालिम निर्देशक समिति

१. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — अध्यक्ष
२. अतिरिक्त सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य
३. महानिर्देशक, स्वास्थ्य सेवा विभाग -सदस्य
४. महानिर्देशक, आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग -सदस्य
५. महानिर्देशक, औषधि व्यवस्था विभाग -सदस्य
६. सह-सचिव, प्रशासन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय-सदस्य
७. सहसचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय -सदस्य
८. प्रमुख, नीति योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य
९. प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य
१०. प्रमुख, स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य
११. क्लिनिकल तालिम साइटहरुको प्रमुख मध्येबाट समितिले मनोनित गरेको प्रतिनिधि -सदस्य
१२. स्वास्थ्य तालिममा काम गर्ने विकास साझेदार मध्येबाट समितिले मनोनित गरेको प्रतिनिधि -सदस्य
१३. निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र -सदस्य सचिव

आवश्यकता अनुसार अन्य सरोकारवाला र विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ। समितिको वैठक वर्षमा कम्तिमा १ पटक बस्नेछ । समितिको सचिवालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा रहनेछ ।

## संघीय स्वास्थ्य तालिम निर्देशक समितिको मुख्य भूमिका

- प्रभावकारी रुपमा तालिम संचालन गर्नका लागि अपरिहार्य नीति,मापदण्ड,कार्यविधि एवं निर्देशिका निर्माणमा आवश्यक निर्देशन दिने,
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र प्रदेशमा रहेका स्वास्थ्य तालिम केन्द्रहरुलाई तालिम संचालनमा वित्तीय दिगोपनका लागि स्रोत पहिचान र परिचालनका लागि मार्गदर्शन गर्ने,
- प्रदेश र स्थानीय सरकार, विकास साझेदार, बिभिन्न संघ संस्थाहरुसंग समन्वय र प्रभावकारी तालिम संचालनका लागि सहजीकरण गर्ने,
- तालिम संचालन प्रकृयामा कुनै नीतिगत समस्या आइपरेमा समाधानका लागि सहजीकरण गर्ने

## ४.२ संघीय स्वास्थ्य तालिम प्राविधिक कार्य समिति

तालिम सम्बन्धि प्राविधिक विषयवस्तुमा आवश्यक कार्य गर्न देहायानुसारको एक प्राविधिक कार्यसमिति रहने छ :

१. निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र - संयोजक

२. शाखा प्रमुख, सीप विकास शाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र - सदस्य

३. शाखा प्रमुख, स्वास्थ्य मन्त्रालय अन्तरगतका सम्बन्धित महाशाखा/केन्द्रबाट२ जना - सदस्य

४. प्रमुख, तालिम प्रत्यायान तथा नियमन शाखा-सदस्य

५. प्रतिनिधि, साझेदार निकायबाट कार्यसमितिले मनोनयन गर्ने - सदस्य

६. शाखा प्रमुख, तालिम सामग्री विकास शाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र - सदस्य सचिव

समितिले आवश्यक ठानेका अन्य विषय विज्ञ, पेशागत संघ संगठन, प्रशिक्षक लगायतलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।समितिको वैठक हरेक त्रैमासिकमा कम्तिमा एक पटक बस्नेछ ।

## संघीय स्वास्थ्य तालिम प्राविधिक कार्य समितिको जिम्मेवारी

- विभिन्न प्रकारका तालिम पाठ्यक्रम र स्रोत सामग्रीहरु विकास गर्ने,
- तालिमसंग सम्बन्धित् कार्यविधि, मापदण्ड, निर्देशिका विकासमा प्राविधिक सुझाव दिने,
- विभिन्न क्लिनिकल तालिम साइट सुदृढीकरणका लागि आवश्यक सुझाव दिने,
- तालिमसंग सम्बन्धित अध्ययन तथा अनुसन्धानका सम्बन्धमा आवश्यक सुझाव दिने,
- तालिमको गुणस्तर सुनिश्चितताका लागि विधि तथा प्रकृया तय गर्ने,
- स्वास्थ्य तालिम कार्यक्रमको समिक्षा गरी पृष्ठपोषण प्रदान गर्ने

## ४.३ प्रदेश स्वास्थ्य तालिम निर्देशक समिति

१.सचिव, प्रदेश स्वास्थ्य हेर्ने मन्त्रालय- अध्यक्ष
२.निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य
३.निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र - सदस्य
४.निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला -सदस्य
५.उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय- सदस्य
६.तालिम साईट मध्येबाट समितिले मनोनित गरेको प्रमुख - सदस्य
७.तालिम संग सम्बन्धित साझेदार संस्था मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि- सदस्य
८.निर्देशक, प्रदेश स्वास्थ्य तालिम केन्द्र-सदस्य-सचिव

आवश्यकता अनुसार अन्य सरोकारवाला र विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ। समितिको वैठक वर्षमा  कम्तिमा १ पटक बस्नेछ । समितिको सचिवालय प्रदेश स्थित स्वास्थ्य तालिम केन्द्रमा रहनेछ ।

## प्रदेश स्वास्थ्य तालिम निर्देशक समितिको मुख्य भूमिका

- प्रभावकारीरुपमा तालिम संचालन गर्नका लागि प्रदेशमा आवश्यक रणनीति तथा कार्ययोजना तयार गर्न मार्गनिर्देशन गर्ने,
- प्रदेशमा रहेका स्वास्थ्य तालिम केन्द्रहरु र तालिम साइटहरूलाई तालिम संचालनमा वित्तीय दिगोपनका लागि स्रोत पहिचान र परिचालनका लागि मार्गदर्शन गर्ने,
- प्रदेश र स्थानीय सरकार, विकास साझेदार, बिभिन्न संघ संस्थाहरुसंग प्रभावकारी तालिम संचालनमा सहजीकरण गर्ने,
- प्रदेश स्वास्थ्य तालिम प्रणालिको उपलब्धिको समिक्षा गर्ने
- तालिम संचालन प्रकृयामा कुनै नीतिगत समस्या आइपरेमा समाधानका लागि सहजीकरण गर्ने
- तालिम प्राप्त जनशक्तिको सीप, योग्यता, कार्यविवरण अनुसार स्वास्थ्य संस्थामा सेवा प्रवाह गर्नको लागि आवश्यक व्यवस्थापन र वातावरण सिर्जना गर्न सम्बन्धित निकाय संग सहजिकरण गर्ने ।

## ४.४ प्रदेश स्वास्थ्य तालिम प्राविधिक कार्यसमिति

प्रदेश तहमा स्वास्थ्य तालिम सम्बन्धि प्राविधिक विषयवस्तुमा आवश्यक निर्णय लिन वा प्रदेशमा रहेको स्वास्थ्य तालिम केन्द्रलाई सुझाव प्रदान गर्न प्रदेशमा देहायानुसारको एक प्राविधिक कार्यसमिति रहने छ :

१. निर्देशक, प्रदेश स्वास्थ्य तालिम केन्द्र - संयोजक
२. प्रमुख, नीति, योजना,मापदण्ड, कानून र जनस्वास्थ्य महाशाखा, प्रदेश स्वास्थ्य हेर्ने मन्त्रालय -सदस्य
३. स्वास्थ्य निर्देशनालयका शाखा प्रमुखहरु मध्येबाट समितिबाट मनोनित -सदस्य
४. प्रमुख, स्वास्थ्य तालिम केन्द्रमा रहेका शाखा प्रमुखहरु सबै -सदस्य
५. प्रतिनिधि, स्वास्थ्य तालिम सम्बन्धि विकास साझेदार मध्ये यस समितिवाट मनोनित-सदस्य
६. प्रमुख, तालिम योजना, प्रत्यायान तथा नियमन शाखा, स्वास्थ्य तालिम केन्द्र, सदस्य-सचिव

समितिले आवश्यक ठानेका अन्य विषय विज्ञ, पेशागत संघ संगठन, प्रशिक्षक लगायतलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।समितिको वैठक हरेक त्रैमासिकमा कम्तिमा एकपटक बस्नेछ ।

## प्रदेश स्वास्थ्य तालिम प्राविधिक समितिको जिम्मेवारी

- प्रदेश अन्तर्गतका स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि सम्बन्धि रणनीति तथा योजना तर्जुमामा सहयोग गर्ने,
- तालिमको गुणस्तर सुनिश्चितताका लागि विधि तथा प्रकृया तय गर्ने,
- प्रदेश स्थित विभिन्न क्लिनिकल तालिम साइट सुदृढीकरणका लागि आवश्यक सुझाव दिने,
- तालिमसंग सम्बन्धित अध्ययन तथा अनुसन्धानका सम्बन्धमा आवश्यक सुझाव दिने,
- स्वास्थ्य तालिम कार्यक्रमको समिक्षा गरी पृष्ठपोषण प्रदान गर्ने

## ४.५ स्वास्थ्य तालिम व्यवस्थापनमा विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी

### ४.५.१ संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- स्वास्थ्य तालिमको क्षेत्रमा नीति, रणनीति तर्जुमा गर्ने
- स्वास्थ्य तालिमका लागि स्रोत विनियोजन तथा परिचालन गर्ने
- मन्त्रालय अन्तरगतका तालिम प्रदायक निकायहरूलाई मार्गदर्शन प्रदान गर्ने

### ४.५.२ प्रादेशिक स्वास्थ्य विषय हेर्ने मन्त्रालय,

- प्रदेशको आवश्यकता अनुसार स्वास्थ्य तालिमको क्षेत्रमा रणनीति, कार्ययोजना तर्जुमा गर्ने
- प्रदेशको आवश्यकता अनुसार स्वास्थ्य तालिमका लागि स्रोत विनियोजन तथा परिचालन गर्ने
- मन्त्रालय अन्तरगतका तालिम प्रदायक निकायहरूलाई मार्गदर्शन प्रदान गर्ने

### ४.५.३ संघीय तथा प्रादेशिक कार्यक्रम महाशाखा/केन्द्र/निर्देशनालयहरू

- आ- आफ्नो कार्यक्षेत्र अन्तरगत विषयगत कार्यक्रमका लागि तालिमको आवश्यकता पहिचान एवम् नया विषयको तालिम सामाग्री आवश्यक भएमा सोको लागि तालिम केन्द्रसंग समन्वय गर्ने,
- तालिमका लागि उपयुक्त सहभागि छनोट गर्ने
- तालिम सामाग्री विकास तथा तालिमको सहजिकरणमा विज्ञ/स्रोतव्यक्ति उपलब्ध गराउने
- तालिम प्राप्त जनशक्तिको अधिकतम उपयोग एवम् उपयुक्त कार्यस्थलमै परिचालन गर्ने
- तालिम पश्चात नियमित कार्यक्रम मार्फत स्थलगत अनुशिक्षण/कोचिङ,मेन्टरिङ गर्ने
- TIMS को उपलब्ध सूचनाको अधिकतम उपयोग गर्ने ।

### ४.५.४ स्थानीय तह

- आ-आफ्नो कार्यक्षेत्र अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको विभिन्न तालिमको विवरणहरू अध्यावधिक गर्ने
- स्थानिय आवश्यकता बमोजिम स्वास्थ्य जनशक्तिहरूको तालिमका लागि माग विवरण पठाउने तथा तालिमका लागि स्रोत विनियोजन गरि सम्बन्धित तालिम केन्द्रहरूसंग समन्वय गर्ने ।
- तालिमका लागि उपयुक्त सहभागि छनोट गर्ने

- तालिम प्राप्त जनशक्तिको अधिकतम उपयोग एवम् उपयुक्त कार्यस्थलमै परिचालन गर्ने
- TIMS को उपलब्ध सूचनाको अधिकतम उपयोग गर्ने

### ४.५.५ स्वास्थ्य संस्थाहरू

- आफ्नो स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको विभिन्न तालिमको विवरणहरू अध्यावधिक गर्ने
- संस्थामा कार्यरत जनशक्तिहरूको तालिमका लागि माग विवरण पठाउने
- तालिमका लागि उपयुक्त सहभागि छनोट गर्ने
- लामो तालिमको हकमा सहभागीसंग तालिम पश्चातको सेवा गर्नुपर्ने न्यूनतम सेवा अवधिमा करारनामा र सम्झौता गर्ने
- तालिम प्राप्त जनशक्तिको अधिकतम उपयोग हुने वार्ड /शाखा /इकाइमै परिचालन गर्ने
- तालिम प्राप्त जनशक्तिलाइ सेवा प्रवाह गर्न आवश्यक पूर्वाधार, उपकरण लगायतको उपयुक्त सहयोगी वातावरण बनाइदिने
- तालिम प्राप्त जनशक्तिहरूलाइ तालिम पश्चात अन्य सहकर्मीहरूका लागि CPD, CME कक्षाका लागि आवश्यक व्यवस्थापन गर्ने

### ४.५.६ साझेदार संस्थाहरू

- राष्ट्रिय स्वास्थ्य तालिम प्रणाली अन्तरगतका तालिम सन्चालनका लागि आआफ्नो कार्यक्षेत्र अनुरूप राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र एवम् प्रदेश स्थित स्वास्थ्य तालिम केन्द्रहरू संग समन्वय गर्ने
- आवश्यकता अनुसार तालिम सामाग्री विकास, तालिम सन्चालन, तालिम साइट प्रत्यायान् तथा नियमन, तालिम पश्चातको फलोअपका लागि स्वास्थ्य तालिम प्रणालीलाइ सहयोग एवम् सहकार्य गर्ने

# परिच्छेद ५ - वित्तीय स्रोत व्यवस्थापन

यस रणनितिक योजनामा उल्लेख भएका कार्यनीतिहरुलाई प्राथमिकताका साथ् क्रमशः लागु गरिनेछ। राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र प्रादेशिक स्वास्थ्य तालिम केन्द्रहरु मार्फत रणनीतिक योजनामा उल्लेखित कार्यनीतिहरू केन्द्रहरूकै नियमित वार्षिक स्वीकृत कार्यक्रमबाट सन्चालन गरिनेछ। रणनितिक योजनाको कार्यान्वयनका लागि देहायका निकायहरुबाट वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ :

- संघीय, प्रादेशिक र स्थानीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम,
- स्वास्थ्य विकास साझेदार निकाय वा अन्य संघ संस्थाबाट प्राप्त रकम,
- तालिम शुल्क,प्रत्यायन तथा सम्बन्धन र प्रमाणपत्र वापत प्राप्त रकम,
- तालिम केन्द्रको स्वामित्वमा रहेका भौतिक पूर्वाधार वा साधनको अन्य निकायलाई प्रयोग गर्न दिए वापत नियमानुसार प्राप्त हुने रकम,
- संस्थागतरुपमा कुनै तालिम प्याकेज संचालन गर्नका लागि प्राप्त रकम,

# परिच्छेद ६ - अनुगमन तथा मूल्यांकन, समिक्षा, खारेजी र बचाउ

## ६.१ अनुगमन तथा मूल्यांकन

रणनितिक योजनामा उल्लेखित कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा नियमितरुपमा अनुगमन तथा मूल्यांकन गरिनेछ। तालिमको योजना छनौट र तालिम संचालन प्रक्रिया, पाठ्यक्रम र पाठ्य सामग्रीको तयारी, प्रविधि मैत्री तालिम प्रणालीको विकास, तालिम प्रदायक संस्थाहरुको सुदृढिकरण र क्षमता विकास, तालिमको गुणस्तर मापन र गुणस्तरीय तालिमको सुनिश्चितता, तालिम साइटहरूको प्रत्यायन्, नियमन र प्रमाणीकरण, तालिमहरुको प्रभावकारिता अध्ययन र अनुसन्धान, तालिमको अभिलेखिकरण र प्रतिवेदन प्रणालीमा सुधार, तालिम सूचना व्यवस्थापन प्रणालीलाई समयानुकूल अध्यावधिकका साथै अन्य सूचना प्रणालीहरु संगको आवद्दता आदि रणनीतिसंग सम्बन्धित कार्यनीतिहरुलाई रणनीतिको समयावधि भित्र संघ र प्रदेशबाट तयार हुने वार्षिक कार्यक्रम तथा योजनामा समावेश गरिने छ। कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा नियमितरुपमा संघ र प्रदेशका तालिम निकायहरुबाट अनुगमन र मूल्यांकन गरिने छ ।रणनीतिक योजनाको उपलब्धीका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्रहरु, स्थानीय तहका सम्बन्धित् निकाय र सम्बन्धित् सरोकारवालाहरुलाई पूर्णतः जिम्मेवार बनाईने छ । अनुगमन तथा मुल्यांकनमा प्रयोग हुने औजार र विधिहरु सहित वार्षिक तालिका स्वीकृत गरी कार्यान्वयनमा ल्याईने छ । रणनीतिक योजनामा समावेश गरीए अनुसारका उद्देश्यहरु हासिल गर्नका लागि अनुगमन तथा मूल्यांकन प्रक्रियामा बिज्ञ समुहलाई परिचालन गर्नुका साथै सम्बन्धित कार्यक्रम महाशाखा, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, स्थानीय तहसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।प्रत्येक वर्षको उपलब्धिको समिक्षा संघ, प्रदेश र सबै तालिम साईटमा गरिनुका साथै आगामी वर्षका लागि प्राथमिकता पहिचान गरी तालिम कार्यक्रम संचालन गरिनेछ । अनुगमन तथा मूल्याङ्कन र समिक्षा गर्दा परिच्छेद ३ को खाकामा समावेश भएका सूचकहरुलाई मुख्य आधार मानिने छ ।यस रणनीतिक योजनाको उपलब्धिको अन्तिम मुल्यांकन ५ बर्षमा गरिनेछ ।

## ६.२ समिक्षा

रणनितिक योजनामा उल्लेख भएका कार्यनितिहरुको प्राथमिकीकरण गरी वार्षिक योजनामा समावेश गरिनेछ । रणनीतिक कार्ययोजनाको कार्यान्वयन र प्रगतिको अवस्थावारे सङ्घीय तहमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विकास समस्या समाधान समिति र राष्ट्रिय संयुक्त बार्षिक समीक्षा बैठकमा समीक्षा गरिनेछ । प्रदेश तहमा प्रदेश स्वास्थ्य हेर्ने मन्त्रालयबाट त्रैमासिक र प्रदेश स्तरीय वार्षिक समीक्षा बैठकमा उपलब्धिको समीक्षा गरिनेछ।

## ६.३ खारेजी र बचाउ

राष्ट्रिय स्वास्थ्य तालिम रणनिति, २०६० खारेज गरी राष्ट्रिय स्वास्थ्य तालिम रणनीतिक योजना २०८२-२०८७ लागु गरिएकोछ ।

राष्ट्रिय स्वास्थ्य तालिम रणनीति २०६० बमोजिम भए गरेका काम कारवाही यसै रणनीतिक योजना बमोजिम भए गरेको मानिनेछ ।

# सन्दर्भ सामग्री

१. नेपालको संविधान, २०७२
२. जनस्वास्थ्य सेवा ऐन, २०७५
३. जनस्वास्थ्य सेवा नियमावली, २०७७
४. राष्ट्रिय स्वास्थ्य नीति, २०७६
५. सोह्रौं पञ्चवर्षिय योजना, २०८१/८२-२०८५/८६
६. राष्ट्रिय स्वास्थ्य तालिम रणनिति, २००४
७. स्वास्थ्य जनशक्तिः राष्ट्रिय रणनिति र मार्गचित्र, २०७६
८. नेपाल स्वास्थ्य-क्षेत्र रणनीतिक योजना, २०७९/८० -२०८७/८८
९. नेपालको स्वास्थ्य जनशक्ति सम्वन्धी राष्ट्रिय रणनीति, २०७७/७८ —२०८६/८७
१०.राष्ट्रिय स्वास्थ्य उपचार गुणस्तरको सुनिश्चितता खाका, २०७९
११.राष्ट्रिय स्वास्थ्य वित्त रणनीति, २०८०-२०९०